## विषयः- अर्गानिक कृषि विशेषांकको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ,कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतद्धारा अर्गानिक कृषि विशेषांक शिघ्र प्रकाशन हुन गइरहेको हुँदा अनुसन्धानमुलक लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट यही २०७७ असार ०७ गते भित्र लेख रचना आह्वान गरिन्छ । प्रकाशनको लागि पठाइने लेख रचनाको Preeti फन्टको साइज १२ मा टाइप गरि मन्त्रालयको ईमेल molmacp6@gmail.com मा पठाउनु पर्ने छ ।लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्:

१) अर्गानीक कृषि प्रविधिमा आधारित साथै अर्गानीक कृषि विकासमा टेवा पुग्ने प्राविधिक सामाजिक आर्थिक पक्षको विश्लेषणात्मक रचना,

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश

(ख) मुख्य लेख/विषयवस्तु

(ग) अन्त्यमा निष्कर्ष

(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

(ङ) लेख नेपाली भाषामा तयार गर्नु पर्ने छ ।

२) उपयोगि अनुवादित लेखलाई पनि स्थान दिईने छ ,तर मुल लेखकको नाम र किताबको नाम पनि उल्लेख भएको हुनुपर्ने छ। आधार लिईएको लेख भए सो पत्रीका वा किताबको साभार गर्नु पर्ने छ तर अन्यत्र प्रकाशित लेख हुवहु प्रकाशित गरिने छैन ।

१) लेख संग सम्बन्धित उपयुक्त फोटो पठाएमा त्यसलाई समेत समावेश गरि लेखहरु प्रकाशित गरिने छ ।

२) लेखकको नाम पद आफू कार्यरत कार्यालय ठेगाना र ईमेल स्पष्ट संग उल्लेख हुनु पर्ने छ । उक्त विवरण पूर्ण नभएमा लेख छापिने छैन साथै आफ्नो पासपोट साईजको फोटो पनि पठाउन सकिने छ ।

३) लेखकलाई लेख प्रकाशित भय पश्चात नियमानुसार प्रारीश्रमिक उपलब्ध गराईने छ ।

४) लेख प्रकाशन भएको जानकारी र प्रत्रीकाको प्रति लेखकको ईमेल ठेगानामा पठाईने छ र यस पत्रीकाका लागि पठाईएको लेख रचना एक आ.व. सम्म मन्त्रालय संग रहने छन। एक आ.व. भित्र विभिन्न अंकहरुमा प्रकाशित हुन सक्ने छ ।

५) प्रकाशित नभएमा लेख रचना फिर्ता दिन सम्पादक मण्डल बाध्य हुने छैन ।

६) यस पत्रीकामा प्रकाशित लेख ,रचना आदीको विषय तथा विचारहरु लेखकको निजि विचार हुने भएककाले यसमा सम्पादक मण्डल तथा मन्त्रालय जवाफदेही हुने छैन।

७) थप जानकारीका लागि ९८५८०५६९८९/९८५८०५२३२८ मा सम्पर्क गर्न सकिने छ ।

**<u>लेखहरुको प्रकार</u>**

१) मौलिक अध्ययन र अनुशन्धानको नतिजा र खोजको आधारमा कृषि विकासको विभिन्न पक्षमा सहयोग पुर्याउने लेख

२) सन्दर्भका आधारमा तयार पारिएको लेख ।

३) अनुभव एवं सफलताको आधारमा तयार पारीएको लेख ।

४) अर्गानिक कृषि संग सम्बन्धित कविता, गित र गजल ।

पुनश्चः उपरोक्तानुसार विवरणहरु उल्लेख नभई आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी स्पष्ट बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।

कृष्ण ब. बि.के.
अधिकृत

टेलिफोन नं. ०८३-५२००८२/०८३-५२०९३७ फयाक्स नं. ०८३-५२०२७३

ईमेलः-molmacp6@gmail.com